परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily राष्ट्रिय दैनिक

4th Anniversary

वर्ष : ४ अंक : ७५ पृष्ठ ४ २०८२ पुष २१ गते, सोमबार 5 January, 2026 मूल्य रु. ५/-

हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।


## सामुदायिक विद्यालयबारे बढी गुनासो मधेशबाट आउँछ : शिक्षामन्त्री

● टक नेपाल

शिक्षा तथा विज्ञान प्रविधिमन्त्री महावीर पुनले मधेशका सामुदायिक विद्यालय, शिक्षक र व्यवस्थापन समितिको बारेमा सबैभन्दा बढी गुनासो आउने गरेको बताएका छन् । साक्षर मधेश प्रदेश घोषणा तयारी सम्बन्धी एक दीवसीय गोष्ठीमा उनले सातवटा प्रदेश मध्ये आधाभन्दा बढी गुनासो मधेश प्रदेशबाट आउने गरेको खुलाए ।

'सामुदायिक विद्यालयको विषयमा थरीथरीका गुनासो आउने गरेका छन् । सातवटा प्रदेश मध्ये आधाभन्दा बढी मधेश प्रदेशका सामुदायिक विद्यालयको गनासो म कहाँ आएको छ,' उनले भने, 'विद्यालय भवन भएको, शिक्षक भएको तर पढाइ नभएको, शिक्षक, व्यवस्थापन समितिले बदमासी गरेका कुराहरु सम्बन्धि गुनासो आउने गरेको छ । मैले त्यस्ता अव्यवस्थित विद्यालयको नाम संकलन गर्न टोलि पठाएको छु ।'

आफू मन्त्री बन्नु अघि किताब बेच्न तराई मधेशका जिल्लाहरूमा पुग्दा शिक्षाको अवस्था दयनीय पाएको उनको भनाइ छ । पहिले दुर्गम हिमाल-पहाडमा पढाउने प्रायः शिक्षक मधेशबाट विज्ञान



गणितका शिक्षकहरू हुने गरेको स्मरण गदैं उनले पछिल्लो समय मधेशको शिक्षाको स्तर खस्केको बताए । अहिलेसम्म मधेश साक्षर घोषणा नहुनु आफ्नो लागि आश्चर्यको विषय रहेको समेत उनको भनाइ थियो ।

आगामी २०८३ वैशाख मसान्तसम्म मधेश प्रदेशलाई साक्षर घोषणा गर्ने सरकारले लक्ष्य लिएको छ । त्यसको संयोजन तथा सहजीकरण नेतृत्व मधेश प्रदेशको शिक्षा तथा संस्कृति मन्त्रीले गर्ने, स्थानीय तहले अभियानको नेतृत्व गर्ने र उच्चस्तरीय विज्ञ कार्यदलबाट औपचारिक रूपमा प्रारम्भ गर्ने र संघीय मन्त्रालय एवं विभागीय संयन्त्रबाट गैर सरकारी संस्थासँगको केन्दीय समन्वय र प्रदेश मन्त्रालयलाई नीतिगत सहजीकरण गर्ने जिम्मा दिइएको छ । गोष्ठीमा मधेशका शिक्षा तथा संस्कृति मन्त्री रानी शर्मा तिवारी लगायत मधेशका प्रमुख सचिव, मन्त्रालयका सचिव, स्थानीय पालिकाका प्रमुख, उपप्रमुख, सांसद लगायत गैर सरकारी संघसंस्थाका प्रतिनिधिको सहभागिता थियो ।

## सरकारमा बसेर राजनीतिक पार्टी खोल्नेलाई प्रधानमन्त्रीले बर्खास्त गर्नुपर्छ : रघुवीर महासेठ



● टक नेपाल

नेकपा एमालेका उपमहासचिव रघुवीर महासेठले वर्तमान सरकार चुनाव गराउने पक्षमा नरहेको दाबी गरेका छन् । आइतबार जनकपुरधामस्थित आफ्नै निवासमा आयोजित पत्रकार सम्मेलनमा बोल्दै महासेठले सरकारले नैतिकताविपरीत सत्ता सञ्चालन गरिरहेको आरोप लगाउँदै यस्तो अवस्थामा निष्पक्ष चुनाव हुनेमा गम्भीर शङ्का व्यक्त गरेका हुन् ।

उनले भने, 'सरकारमा बसेर खुल्लमखुल्ला गठबन्धन गर्ने, सिट बाँडफाँट गर्ने र को प्रधानमन्त्री बन्ने भन्ने जस्ता अराजनीतिक गतिविधि भइरहेका छन् । राजनीति नै गर्नुछ भने सरकारबाट राजीनामा दिनुपर्छ, होइन भने प्रधानमन्त्रीले त्यस्ता व्यक्तिहरूलाई बर्खास्त गर्नुपर्छ । त्यसो भए मात्र अन्य राजनीतिक दल र नेपाली जनताले चुनाव हुनेमा विश्वास गर्छन् ।'

महासेठले पार्टीका शीर्ष नेताहरूलाई काठमाडौँमै थन्क्याएर चुनाव गराउन नसकिने टिप्पणी गर्दै, यदि साँच्चिकै चुनाव गराउन चाहिएको हो भने पार्टीका नेताहरूले पाएका जिम्मेवारी हटाउनुपर्ने बताए ।

जेनजी आन्दोलनको सन्दर्भमा उनले नेकपा एमालेका १५८ वटा घरमा आगजनी गरिएको र नेपाली कांग्रेसका घरहरूमा पनि आगजनी भएको दाबी गरे । उनले ती घटनामा एमालेका प्रतिस्पर्धी दलका कार्यकर्ता तथा राष्ट्रिय स्वतन्त्र पार्टीका कार्यकर्ता संलग्न रहेको आरोप लगाए । नख्खुस्थित जेल ब्रेकको घटनामा समेत तिनै दलका कार्यकर्ताको संलग्नता रहेको उनको भनाइ थियो ।

नेता महासेठले नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवामाथि भएको व्यवहारप्रति आपत्ति जनाउँदै त्यसलाई गैरजिम्मेवार क्रियाकलापको संज्ञा दिए । आफ्नो घर आगजनीको विषयमा बोल्दै उनले 'मेरो घर जानीजानी जलाइएको हो' भन्दै आफूले भ्रष्टाचार गरेर घर नबनाएको स्पष्ट पारे ।

## बर्दिबासको रातुखोलामा अवैध मिक्सगिट्टी बालुवा उत्खनन, दुई ट्र्याक्टर प्रहरी नियन्त्रणमा

● टक नेपाल

बर्दिबास नगरपालिका-१ अन्तर्गत रातुखोला क्षेत्रमा अवैध रूपमा मिक्सगिट्टी बालुवा उत्खनन भइरहेको विशेष सूचनाका आधारमा प्रहरीले कारबाही गरेको छ।

इलाका प्रहरी कार्यालय बर्दिबासबाट प्र.ना.नि. विश्वबाबु बुढाथोकीको कमाण्डमा खटिएको प्रहरी टोलीले ज.१ त.८५९४ र ज.१ त.८२३४ नम्बरका दुईवटा ट्र्याक्टरलाई अवैध रूपमा मिक्सगिट्टी बालुवा लोड गरिरहेको अवस्थामा नियन्त्रणमा लिएको हो। नियन्त्रणमा लिइएका ट्र्याक्टरहरूलाई इलाका प्रहरी कार्यालय बर्दिबासमा ल्याई राखिएको छ भने घटनासम्बन्धी थप अनुसन्धान कार्य जारी रहेको प्रहरीले जनाएको छ।




Pan No. 121584733
DDA No. 3780432055942

खुशी मेडिकल हल

9705446882, 9705446883

औषधी पसल


बर्दिवास-२, महोत्तरी

यहाँ सबै प्रकारका औषधी सुपथ मुल्यमा पाउनुका साथै २४ घण्टा फार्मेसी तथा ल्याब सेवा उपलब्ध छ ।

शीत लहर तथा चिसोबाट हुने क्षती न्यूनीकरण सम्बन्धी सचेतनात्मक सन्देश !!!

- जाडो यामको लागि समयमै न्यानो कपडाको जोहो गरौं,
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं,
- घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं,
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओड्ने प्रयोग गर्ने र घर भित्र राति सुत्दा शरीरका साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं,
- शीतलहर चलेको समयमा शीत नपर्ने सुरक्षित ठाउँमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाऔं,
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खाने कुरा र पर्याप्त मात्रामा तातो र झोलिलो खाने कुराहरु खाने,





- बालबालिका, वृद्ध-वृद्धा, गर्भवती महिला तथा विरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने,
- शीत लहर चलेको बेलामा पाल्तु पशुपंक्षीहरुलाई सकेसम्म खुला स्थानमा चराउन नलैजाने, घर टहरामै राखेर पर्याप्त घाँस पराल र दाना दिने,
- चिसोका कारण विरामी भएमा तत्कालै नजिकको स्वास्थ्य संस्थामा तुरुन्त उपचारको लागि जाने,
- चिसोका कारण पशुपंक्षी विरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी उपचार गर्ने,
- कोठा भित्र आगो, मकल, हिटर लगाएतबाट तातो पार्दा पर्याप्त भेन्टिलेशन (हावा आवगतजावत) को व्यवस्था मिलाउने,
- शीत लहरबाट हुन सक्ने कृषिबाली र पशुपंक्षीको क्षतीलाई न्यून गर्न सेड, छाप्रो, छानो, प्लाष्टिक लगाएतका संरचनाद्वारा सुरक्षित गर्ने।

जलेश्वर नगरपालिका, महोत्तरी
मधेश प्रदेश, नेपाल

टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

सम्पादकीय

## गाउँका सिंहदरबारले कसिलो बनाएको नागरिकसँगको सम्बन्ध

राज्यका अंगहरू नागरिकको जति बढी नजिक हुन्छन्, उति नै राज्यप्रति नागरिकको अपनत्व वृद्धि हुन्छ। किनकि, त्यस्तो अवस्थामा नागरिकले राज्यबाट लिनुपर्ने सेवा तथा सुविधा सहजै लिन सक्छन्। विकास निर्माणका कामका लागि सरकारसम्म आफ्नो माग राख्न र त्यसको प्रक्रियालाई अवलोकन गर्न पाउँछन्। राज्यका कामकारबाहीमा गुनासो सहजै व्यक्त गर्न सक्छन्। आवश्यकताअनुसार व्यक्तिगत तथा सामूहिक ढंगबाट दबाब दिन सक्छन्। नेपालको संघीयताको संरचना नै राज्यलाई नागरिकतर्फ फर्काउने ढंगले तयार गरिएको छ। सदियौंदेखि कायम राज्य र नागरिकबीच ठूलो दूरीले सिर्जना गरेको ठूलै असमझदारी न्यूनीकरण गर्ने उद्देश्य राखिएको छ। तीन तहको सरकारमध्ये नागरिकको सबैभन्दा नजिकको सरकार- स्थानीय सरकार- ले जुन ढंगले काम गरिरहेका छन्, त्यसले संघीयताको अभ्यासका क्रममा राखिएका अभिप्रायलाई सम्बोधन गरिरहेको अनुभूत हुन्छ। यसबाट राज्य र नागरिकलाई अलग अवधारणाका आधार विभाजित गर्ने होइन कि सँगसँगै हातेमालो गर्दै अघि बढ्ने संस्कृति विकास गरिरहेको छ। २०७४ वैशाखमा स्थानीय तहको पहिलो निर्वाचन हुनुअघि चर्चामा आएको नारा थियो- गाउँगाउँमा सिंहदरबार। अर्थात् शासकीय केन्द्र सिंहदरबारबाट पाउनुपर्ने सेवा नागरिकले आफ्नै गाउँठाउँमा पाउनेछन्। सिंहदरबारका कोठाचोटामा तयार हुने योजना गाउँठाउँमै तयार हुनेछन् र त्यसमा नागरिकको पनि संलग्नता रहनेछ। नागरिकमैत्री योजना बन्नेछन्। केन्द्रीकृत राज्यको सरकारले देख्न नसकेका नागरिकका सकस देख्नेछ र समाधानका लागि योजना कार्यान्वयन गर्नेछन्। नागरिकको यस्तो बुझाइ र अपेक्षा धेरै हदसम्म पूरा भएको छ। सबै स्थानीय तहले सबै क्षेत्रमा समान प्रयत्न गरे र सफलता प्राप्त गरे भन्ने त होइन, तर नागरिकका दुःखसुखसँग स्थानीय सरकार जोडिएका अनेकौं सन्दर्भ पाउन सकिन्छ। कोभिड महामारीका बेलामा नागरिकलाई क्वारेन्टाइनमा राख्नेदेखि खानपिनको व्यवस्था मिलाउने कामसम्ममा स्थानीय सरकार सक्रिय देखिएका थिए। सबैभन्दा पहिले स्थानीय सरकारको भूमिका महसुस भएको र प्रशंसा पाएको त्यतिबेलै हो। त्यसअघि र पछि पनि संविधानले दिएको अधिकार प्रयोगका सबालमा स्थानीय सरकारको अग्रसरता अर्थपूर्ण छ।

vianet
अब सबै connected

# सामाजिक सद्भाव कायम राख्न प्रशासनको आह्वान

टक नेपाल




जिल्ला प्रशासन कार्यालय पर्साले जिल्लामा सामाजिक सद्भाव कायम गर्नका लागि सबैसँग आह्वान गरेको छ।

पर्साका प्रमुख जिल्ला अधिकारी भोला दाहालले आज सार्वजनिक अपिल गर्दै सामाजिक सद्भावमा खलल पुऱ्याउने कुनै पनि खालको गतिविधि नगर्नका लागि आह्वान गरेका हुन्।

'एक अर्कामा सामाजिक तथा धार्मिक वा सांस्कृतिक द्वेष भाव सृजना गरी राष्ट्रिय एकतामा आँच पुऱ्याउने वा झुठा अफवाह फैलाइ समुदायको सामाजिक मानमर्दन गर्ने कार्यमा संलग्न व्यक्तिहरूको फेसबुक, टिकटक, इन्स्टाग्रामलगायतको सामाजिक सञ्जाल खाताको सूक्ष्म निगरानी भइरहेको छ,' उनले भने, 'यस्ता गतिविधिलाई गम्भीरतापूर्वक लिई सचेत र सजग हुन पनि अनुरोध गरिन्छ।'

टिकटकमा एकअर्काको धर्मसंस्कृतिलाई लक्षित गरी अभद्र टिप्पणी गरेको विषयलाई लिएर मधेश प्रदेशमा तनाव बढेको छ। धनुषा घटनाको असर पर्साको वीरगञ्जसम्म देखिएको छ।

केही दिन अगाडि जनकपुरमा हैदर अन्सारी र अमानत अन्सारी नामका युवाहरुले टिकटकमा हिन्दुस्तानको नाम लिँदै एक भिडियो पोष्ट गरेका थिए। धार्मिक सहिष्णुतामा खलल पुग्ने खालको भिडियो बनाइएको भन्दै ती दुई युवालाई स्थानीय अगुवाहरूले प्रहरीको जिम्मा लगाएका थिए।

इलाका प्रहरी कार्यालय खजुरीमा दुवै पक्षबीच छलफल भइरहेको बेला पक्राउ गरिएको भन्दै केही युवाहरू आक्रोशमा आए। त्यही बेला मस्जिदमा आक्रमण समेत भएको थियो। आक्रमणमा संलग्न व्यक्तिलाई पनि पक्राउ गरिएको धनुषाका प्रहरी प्रवक्ता डीएसपी गणेश बम बताउँछन्।

सोही घटनालाई लिएर वीरगञ्जमा आज बिहानैदेखि प्रदर्शन भइरहेको छ।

शीत लहर तथा चिसोबाट हुने क्षती न्यूनीकरण सम्बन्धी सचेतनात्मक सन्देश !!!





- जाडो यामको लागि समयमै न्यानो कपडाको जोहो गरौं,
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं,
- घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं,
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओड्ने प्रयोग गर्ने र घर भित्र राति सुत्दा शरीरका साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं,
- शीतलहर चलेको समयमा शीत नपर्ने सुरक्षित ठाउँमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाऔं,
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो र झोलिलो खानेकुराहरु खाने,
- बालबालिका, वृद्ध–वृद्धा, गर्भवती महिला तथा विरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने,
- शीत लहर चलेको बेलामा पाल्तु पशुपंक्षीहरुलाई सकेसम्म खुला स्थानमा चराउन नलैजाने, घर टहरामै राखेर पर्याप्त घाँस पराल र दाना दिने,
- चिसोका कारण विरामी भएमा तत्कालै नजिकको स्वास्थ्य संस्थामा तुरुन्त उपचारको लागि जाने,
- चिसोका कारण पशुपंक्षी विरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी उपचार गर्ने,
- कोठा भित्र आगो, मकल, हिटर लगाएतबाट तातो पार्दा पर्याप्त भेन्टिलेशन (हावा आवगतजावत) को व्यवस्था मिलाउने,
- शीत लहरबाट हुन सक्ने कृषिबाली र पशुपंक्षीको क्षतीलाई न्यून गर्न सेड, छाप्रो, छानो, प्लाष्टिक लगाएतका संरचनाद्वारा सुरक्षित गर्ने।

जनकपुरधाम उपमहानगरपालिका, धनुषा
मधेश प्रदेश, नेपाल

शीत लहर तथा चिसोबाट हुने क्षती न्यूनीकरण सम्बन्धी सचेतनात्मक सन्देश !!!

- जाडो यामको लागि समयमै न्यानो कपडाको जोहो गरौं,
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं,
- घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं,
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओड्ने प्रयोग गर्ने र घर भित्र राति सुत्दा शरीरका साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं,
- शीतलहर चलेको समयमा शीत नपर्ने सुरक्षित ठाउँमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाऔं,
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो र झोलिलो खानेकुराहरु खाने,





- बालबालिका, वृद्ध–वृद्धा, गर्भवती महिला तथा विरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने,
- शीत लहर चलेको बेलामा पाल्तु पशुपंक्षीहरुलाई सकेसम्म खुला स्थानमा चराउन नलैजाने, घर टहरामै राखेर पर्याप्त घाँस पराल र दाना दिने,
- चिसोका कारण विरामी भएमा तत्कालै नजिकको स्वास्थ्य संस्थामा तुरुन्त उपचारको लागि जाने,
- चिसोका कारण पशुपंक्षी विरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी उपचार गर्ने,
- कोठा भित्र आगो, मकल, हिटर लगाएतबाट तातो पार्दा पर्याप्त भेन्टिलेशन (हावा आवगतजावत) को व्यवस्था मिलाउने,
- शीत लहरबाट हुन सक्ने कृषिबाली र पशुपंक्षीको क्षतीलाई न्यून गर्न सेड, छाप्रो, छानो, प्लाष्टिक लगाएतका संरचनाद्वारा सुरक्षित गर्ने।

गौशाला नगरपालिका, महोत्तरी
मधेश प्रदेश, नेपाल

WebSurfer
THE BROADBAND COMPANY
Fiber Internet, IPTV and Corporate Intranet Services
SUPER FAST FIBER INTERNET
HOME & BUSINESS
Fiber Internet
IPTV

# धर्मको नाममा खलल पुराउनेलाई कानूनी दायरामा ल्याएर कारवाही गर्ने सरकारको निर्णय




● टक नेपाल

केन्द्रीय सुरक्षा समितिको बैठकले अर्काको धर्ममा खलल पुराउनेलाई कानूनी दायरामा ल्याएर कारवाही गर्ने निर्णय गरेको छ।

गृह मन्त्रालयमा आइतबार बसेको बैठकले मधेश प्रदेशमा देखिएको धार्मिक घटनाक्रमको समीक्षा गर्दै अर्काको धर्ममा खलल पुराउनेलाई कानूनी दायरामा ल्याएर कारवाही गर्ने र धार्मिक सद्भाव र सहिष्णुता बढाउनका लागि प्रवर्धनात्मक कार्यक्रमहरु सञ्चालन गर्ने निर्णय गरेको गृह मन्त्रालयका प्रवक्ता सहसचिव आनन्द काफ्लेले जानकारी दिनुभयो।

मधेका जिल्लामा धार्मिक सद्भाव र सहिष्णुता बढाउनको लागि स्थानीय प्रशासनहरूले समन्वयात्मक रूपमा प्रवर्धनात्मक कार्यक्रमहरु सञ्चालन गर्ने र स्थानीय तहहरूलाई पनि यस्ता कार्यक्रमहरू सञ्चालन गर्नका लागि अनुरोध गरिएको उहाले बताउनुभयो।

त्यसैगरि निर्वाचनका सन्दर्भमा भइरहेको तयारीका बारेमा पनि सुरक्षा निकायसंग जानकारी लिइएको प्रवक्त काफ्लेले जानकारी दिनुभयो। उहाले फरार कैदीबन्दी खोजि अभियानलाई वडा तहमा पुगेर पनि थप प्रभावकारी ढंगबाट अगाडि बढाउनुपर्छ भन्ने विषयमा छलफल भएको बताउनुभयो।

उहाले सोमबार राष्ट्रिय मानवअधिकार आयोग लगाएतका संवैधानिक आयोगहरुसंग सुरक्षा निकायसहित छलफल गर्ने तय भएको उल्लेख गर्नुभयो।




# रवि, कुलमान र बालेन मिलेर बनेको रास्वपाको शक्ति कति ?

● टक नेपाल



पब्लिक सेलिब्रेटी'को छवि बनाएका रवि लामिछाने, बालेन शाह र कुलमान घिसिङ एक ठाउँमा उभिएसँगै नेपालको राजनीतिले नयाँ मोड लिने सङ्केत देखिएको छ। राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)का सभापति समेत रहेका लामिछानेले काठमाडौँ महानगरपालिकाका प्रमुख शाहसँग पुस १३ गते र ऊर्जामन्त्री कुलमान घिसिङको संरक्षकत्वमा रहेको उज्यालो नेपाल पार्टीसँग पुस १४ गते सात/सात बुँदे सहमति गरेका थिए।

फागुन २१ गते प्रतिनिधि सभा सदस्य निर्वाचन हुन लागेको सन्दर्भमा आम युवामाझ लोकप्रिय रहेका यी तीन वटै व्यक्ति एक ठाउँमा उभिएपछि परम्परागत दलहरूलाई ठुलो धक्का लाग्न सक्ने चर्चा राजनीतिक वृत्तमा छ। जेनजी आन्दोलनका कारण केपी ओली नेतृत्वको गठबन्धन सरकार भदौ २४ गते ढलेको थियो। विषम परिस्थितिमा हुन लागेको निर्वाचनमा वैकल्पिक राजनीतिक शक्तिको क्रेज बढ्ने देखेर नै नयाँ र पुराना दलहरूबिच ध्रुवीकरण कसिलो बन्दै गएको छ। पछिल्लो ध्रुवीकरणले परम्परागत शक्ति कांग्रेस, एमाले, नेपाली कम्युनिस्ट पार्टी लगायत दलहरू निकै दबाबमा देखिएका छन्। भविष्यमा हुनसक्ने सम्भावित राजनीतिक दुर्घटनालाई मध्यनजर गरी भित्रभित्रै कांग्रेस र एमालेबिच पनि चुनावी तालमेलदेखि गठबन्धनको प्रयास भइरहेको छ। माघ ११ गते हुने राष्ट्रिय सभा निर्वाचन र प्रतिनिधि सभा सदस्य निर्वाचनमा मिलेर नै अगाडि बढ्नेगरी एमालेका अध्यक्ष केपी ओलीले कांग्रेसका सभापति शेरबहादुर देउवासँग दुई पटक छलफल गरिसकेका छन्। विघटित प्रतिनिधि सभा पुनर्स्थापनाका लागि दुवै दलका १४३ सांसदले हस्ताक्षर सर्वोच्च अदालतमा पेस गरिसकेका छन्। अदालतले संसद् पुनर्स्थापना गरेको खण्डमा कांग्रेसबाट प्रधानमन्त्री बनाउन समर्थन गर्ने ओलीले आश्वासन दिएको बताइन्छ। यद्यपि दुवै पार्टीभित्र कुन तहका नेताहरू सक्रिय छन् भन्ने प्रस्ट रुपरेखा बाहिर आइसकेको छैन। यता एमालेका अध्यक्ष केपी ओली र नेकपाका संयोजक प्रचण्ड राजनीतिक एजेन्डामा नजिकिन थालेका छन्। आइतबार साँझ भारतको राजधानी नयाँ दिल्ली जान लागेका प्रचण्डले बिहान एमालेको केन्द्रीय कार्यालय नजिकै ओलीसँग करिब आधा घन्टा भेटवार्ता गरे।


## शीत लहर तथा चिसोबाट हुने क्षती न्यूनीकरण सम्बन्धी सचेतनात्मक सन्देश !!!

- जाडो यामको लागि समयमै न्यानो कपडाको जोहो गरौं,
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं,
- घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं,
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओड्ने प्रयोग गने र घर भित्र राति सुत्दा शरीरका साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं,
- शीतलहर चलेको समयमा शीत नपर्ने सुरक्षित ठाउँमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाऔं,
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो र झोलिलो खानेकुराहरु खाने,





- बालबालिका, वृद्ध-वृद्धा, गर्भवती महिला तथा विरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने,
- शीत लहर चलेको बेलामा पाल्तु पशुपंक्षीहरुलाई सकेसम्म खुला स्थानमा चराउन नलैजाने, घर टहरामै राखेर पर्याप्त घाँस पराल र दाना दिने,
- चिसोका कारण विरामी भएमा तत्कालै नजिकको स्वास्थ्य संस्थामा तुरुन्त उपचारको लागि जाने,
- चिसोका कारण पशुपंक्षी विरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी उपचार गर्ने,
- कोठा भित्र आगो, मकल, हिटर लगाएतबाट तातो पार्दा पर्याप्त भेन्टिलेशन (हावा आवगतजावत) को व्यवस्था मिलाउने,
- शीत लहरबाट हुन सक्ने कृषिबाली र पशुपंक्षीको क्षतीलाई न्यून गर्न सेड, छाप्रो, छानो, प्लाष्टिक लगाएतका संरचनाद्वारा सुरक्षित गर्ने।

गणेशमान चारनाथ नगरपालिका, धनुषा
मधेश प्रदेश, नेपाल



## शीत लहर तथा चिसोबाट हुने क्षती न्यूनीकरण सम्बन्धी सचेतनात्मक सन्देश !!!

- जाडो यामको लागि समयमै न्यानो कपडाको जोहो गरौं,
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं,
- घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं,
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओड्ने प्रयोग गर्ने र घर भित्र राति सुत्दा शरीरका साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं,
- शीतलहर चलेको समयमा शीत नपर्ने सुरक्षित ठाउँमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाऔं,
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो र झोलिलो खानेकुरहरु खाने,






- बालबालिका, वृद्ध-वृद्धा, गर्भवती महिला तथा विरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने,
- शीत लहर चलेको बेलामा पाल्तु पशुपंक्षीहरुलाई सकेसम्म खुला स्थानमा चराउन नलैजाने, घर टहरामै राखेर पर्याप्त घाँस पराल र दाना दिने,
- चिसोका कारण विरामी भएमा तत्कालै नजिकको स्वास्थ्य संस्थामा तुरुन्त उपचारको लागि जाने,
- चिसोका कारण पशुपंक्षी विरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी उपचार गर्ने,
- कोठा भित्र आगो, मकल, हिटर लगाएतबाट तातो पार्दा पर्याप्त भेन्टिलेशन (हावा आवगतजावत) को व्यवस्था मिलाउने,
- शीत लहरबाट हुन सक्ने कृषिबाली र पशुपंक्षीको क्षतीलाई न्यून गर्न सेड, छाप्रो, छानो, प्लाष्टिक लगाएतका संरचनाद्वारा सुरक्षित गर्ने।

भगहा नगरपालिका, महोत्तरी
मधेश प्रदेश, नेपाल




# जनमत पार्टीको महाधिवेशन चैत २०-२१ मा NRMA अन्तर्राष्ट्रिय महाधिवेशनको कार्यतालिका स्वीकृत




● टक नेपाल

जनमत पार्टीको केन्द्रीय सचिवालय समितिको बैठकले पार्टीको आगामी महाधिवेशनको मिति तय गरेको छ। बैठकले २०८२ साल चैत २० र २१ गते महाधिवेशन आयोजना गर्ने निर्णय गरेको हो।

मध्य बानेश्वरस्थित जनमत पार्टी केन्द्रीय सम्पर्क कार्यालयमा सम्पन्न बैठकले महाधिवेशनको स्थान पछि तोकिने जानकारी दिँदै, महाधिवेशनलाई व्यवस्थित र सफल बनाउन विभिन्न समिति गठन गरेको छ।

बैठकको निर्णयअनुसार महाधिवेशन आयोजक समितिको संयोजकमा राष्ट्रिय उपाध्यक्ष मा. ई. बसन्त कुमार कुशवाहा, निर्वाचन समितिको संयोजकमा राष्ट्रिय उपाध्यक्ष ई. नरेन्द्र प्रसाद चौधरी तथा विधान समिति तथा राजनीतिक प्रतिवेदन समितिको संयोजकमा राष्ट्रिय सचिव मा. संजय कुमार यादव तोकिएका छन्। यस्तै, बैठकले गैरआवासीय मधेशी संघ (NRMA) अन्तर्राष्ट्रिय समितिको महाधिवेशन तय गरिएको कार्यतालिकाअनुसार सञ्चालन गर्ने निर्णय पनि गरेको छ। कार्यतालिकाअनुसार २०२६ फेब्रुअरी १ गते अनलाइन मतदान गरिनेछ भने फेब्रुअरी ६ गते निर्वाचित पदाधिकारीहरूको सपथ ग्रहण गराइनेछ।

जनमत पार्टीले महाधिवेशनमार्फत पार्टी संगठनलाई थप सुदृढ, लोकतान्त्रिक र समावेशी बनाउने उद्देश्य लिएको जनाएको छ।

# भीमफेदीको जुरिखेतमा सुमो दुर्घटना, ९ जना घाइते - ७ को अवस्था गम्भीर

कवानपुरको भीमफेदी गाउँपालिका-६ जुरिखेतमा सुमो गाडी दुर्घटना हुँदा ९ जना घाइते भएका छन्। घाइतेमध्ये ७ जनाको अवस्था गम्भीर रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ। आइतबार साँझ करिब ५:३० बजे भीमफेदी-कुलेखानी-काठमाडौं सडकखण्डमा काठमाडौंबाट हेटौंडातर्फ आउँदै गरेको ना.१ज १७७८ नम्बरको सुमो गाडी अनियन्त्रित भई सडकबाट अन्दाजी १०० मिटर तल खोल्सामा खसेपछि दुर्घटना भएको हो। दुर्घटनापछि सुमोमा सवार सबै ९ जनाको उद्धार गरी उपचारका लागि हेटौंडातर्फ पठाइएको प्रहरीले जनाएको छ। घाइतेहरूमा ६ जना पुरुष, १ महिला, १ बालिका र १ बालक रहेका छन्। प्रहरीका अनुसार घाइतेमध्ये ७ जनाको अवस्था गम्भीर र २ जनाको अवस्था मध्यम रहेको छ। दुर्घटनाको कारणबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ।

## डेढ लाख

# निर्वाचन प्रहरी भर्ना गर्न बजेट स्वीकृत

● टक नेपाल

आगामी २१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनका लागि भर्ना गरिने प्रहरीका लागि बजेट सुनिश्चत भएको छ।

नेपाल प्रहरी र सशस्त्र प्रहरीले निर्वाचनका लागि बजेट माग गर्दै गृह मन्त्रालयमा पत्राचार गरेका थिए। गृहबाट अघि बढेर अर्थ मन्त्रालय पुगेको उक्त फाइल लामो समयसम्म छलफलकै क्रममा रोकिएको थियो। अहिले भने अर्थ मन्त्रालयले बजेट सुनिश्चत गरेको गृह मन्त्रालयका एक अधिकारीले बताए।

'अर्थबाट बजेट सुनिश्चत भएर आएको छ। अब निर्वाचन प्रहरी भर्ना प्रक्रिया अघि बढ्छ,' मन्त्रालयका एक अधिकारीले अनलाइखबरसँग भने।

ती अधिकारीका अनुसार नेपाल प्रहरीलाई निर्वाचन प्रहरीका लागि ७ अर्ब १३ करोड २५ लाख ८९ हजार रुपैयाँ बजेट सुनिश्चित गरिएको छ। यो निर्वाचन प्रहरी भर्नाका लागि मात्रै उपलब्ध गराइएको बजेट हो। यो बाहेक प्रहरीको नियमिततर्फ छुट्टै बजेट हुनेछ।

त्यस्तै, सशस्त्र प्रहरीले भर्ना गने निर्वाचन प्रहरीका लागि पनि बजेट सुनिश्चित गराइएको छ। सशस्त्र प्रहरीलाई ८० करोड ८४ लाख ५३ हजार बजेट सुनिश्चित गराइएको छ। बजेट सुनिश्चित भएसँगै अब दुवै प्रहरी संगठनले जतिसक्दो चाँडो निर्वाचन प्रहरी भर्ना प्रक्रिया अघि बढाउने छन्।

नेपाल प्रहरीले १ लाख ३३ हजार ९८० निर्वाचन प्रहरीले भर्ना गर्ने

नेपाल प्रहरीलाई १ लाख ३३ हजार ९८० निर्वाचन प्रहरी भर्नाका लागि मन्त्रालयले स्वीकृत दिएको छ। गृहले दिएको यो स्वीकृत प्रहरी हेडक्वार्टर पुगिसकेको छ। अब जतिसक्दो चाँडो निर्वाचन प्रहरी भर्ना प्रक्रिया अघि बढाइने नेपाल प्रहरीले बताएको छ।

नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता तथा डीआईजी अबिनारायण काफ्ले सबै प्रक्रिया अन्तिम चरणमा पुगेकाले केही दिनमै भर्नाका लागि दरखास्त खुला गर्ने गरी काम थालिएको बताउँछन्।

२०७९ सालको निर्वाचनमा १ लाख १५ हजार म्यादी प्रहरी भर्ना गरिएको थियो। अहिले भने पहिलाको भन्दा सुरक्षा चुनौती जटिल बनेको, फरक अवस्थामा निर्वाचन हुन लागेको, सुरक्षाकर्मीका लुटिएका हतियारहरू बाहिरै रहेको, कारागारबाट भागेका कैदी र थुनुवाका कारण सुरक्षा चुनौती थप जटिल बनेको, मतदाताको संख्या पनि थप भएको जस्ता कारणले निर्वाचन प्रहरीको संख्या बढाएर १ लाख ४९ हजार ९० पुऱ्याइएको छ।

२३ र २४ भदौमा भएको जेनजी आन्दोलनको क्रममा कारागार तोडफोड तथा आगजनी गरी १४ हजारभन्दा बढी कैदी फरार भएका थिए। अझै साढे ४ हजार बढी कैदीबन्दी कारागार बाहिरै छन्।

यता, प्रहरीका मात्रै १ हजार २७१ हतियार लुटिएका थिए। तीमध्ये करिब आधा हतियार अझै बाहिरै छन्। लाइभ राउन्ड गोली मात्रै ९८ हजार हराएका छन्। ठूलो संख्यामा गोली, हतियार गायब हुनु र कैदीबन्दी तथा थुनुवाहरू कारागार र हिरासत बाहिरै रहनुले ठूलो सुरक्षा चुनौती हुने बताइएको छ।

**सशस्त्रले १५ हजार ११० भर्ना गर्ने**

यस पटक नेपाल प्रहरीका साथै सशस्त्र प्रहरी बलले पनि निर्वाचन प्रहरी भर्ना गर्ने भएको छ। नेपाल प्रहरीले १ लाख ३३ हजार ९८० जना भर्ना गर्दा सशस्त्र प्रहरीले भने १५ हजार ११० निर्वाचन प्रहरी भर्ना गर्न स्वीकृति पाएको हो।

यसका लागि मन्त्रालयले निर्णय गरेर पठाइसकेको छ। ड्युटीमा खटिँदा सशस्त्रको संख्या थोरै भएकाले समस्या हुने भन्दै सशस्त्रले पनि निर्वाचन प्रहरी भर्ना गर्नुपर्ने प्रस्ताव पेस गरेको थियो।

भर्ना संयुक्त रूपमा गर्ने र त्यसमध्ये १५ हजार ११० जना सशस्त्र मातहत रहने गरी सशस्त्रमा जाने र बाँकी नेपाल प्रहरी माहतह रहने गरी नेपाल प्रहरीले अह्नखटन गर्ने गरी प्रक्रिया अघि बढेको छ।

सशस्त्र र नेपाल प्रहरी मातहत हुने निर्वाचन प्रहरीको पोशाक पनि फरकफरक हुने बताइएको छ।

**४० दिनको सेवा–सुविधा**

२०७९ को निर्वाचनमा ४० दिनको सेवा-सुविधा दिने गरी निर्वाचन प्रहरी प्रहरी खटाइएको थियो। उनीहरूलाई प्रहरी जवानको सुरु स्केलको तलबअनुसार ४० दिनको सेवा-सुविधा दिइएको थियो। यस पटक पनि ४० दिनकै लागि निर्वाचन प्रहरी भर्ना गर्ने गरी तयारी अघि बढेको छ।

निर्वाचन प्रहरी भर्ना गर्दा १८ वर्ष उमेर पूरा भएर ५४ वर्ष ननाघेको नेपाली नागरिक हुनुपर्ने, अवकाश प्राप्त आर्मी, सशस्त्र प्रहरी, नेपाली प्रहरीहरूलाई विशेष प्राथमिकता दिने जस्ता प्रावधान रहने छन्। उनीहरूको तलब-भत्ता तथा सेवा-सुविधा प्रहरी जवान सरह नै हुने बताइएको छ। मतदान केन्द्रहरूलाई सामान्य, संवेदनशील र अतिसंवेदनशील गरी तीन भागमा छुट्याइने र त्यसैअनुसार निर्वाचन प्रहरीसँगै सुरक्षाकर्मी खटाइने छ। पहिलो घेरामा प्रहरी, निर्वाचन प्रहरी रहने छन्। त्यसपछि दोस्रो घेरामा सशस्त्र प्रहरी, निर्वाचन प्रहरीले सुरक्षा प्रदान गर्नेछन्।



अन्तिम अर्थात् तेस्रो घेरामा भने नेपाली सेनाले सुरक्षा गर्ने छन्। मतदान केन्द्र संवेदनशिलताका आधारमा सुरक्षाकर्मीहरू परिचालन हुन्छन्।


**एक महिना अघिबाट सेना परिचालन**

आगामी निर्वाचनका लागि एक महिना अघिबाट मात्रै सेना परिचालन हुने भएको छ। नेपाली सेनाका प्रवक्ता तथा सहायक रथी राजाराम बस्नेतले चुनावको एक महिना अघिबाट सेना परिचालन हुने बताए। 'सेना परिचालनका लागि पहिल्यै स्वीकृत भएकाले धेरैले कहिलेबाट सेना परिचालन हुन्छ वा डेढ/दुई महिनाअघि नै सेना परिचालन हुन्छ कि भन्ने बुझेको देखिन्छ।


**शीत लहर तथा चिसोबाट हुने क्षती न्यूनीकरण सम्बन्धी सचेतनात्मक सन्देश !!!**

- जाडो यामको लागि समयमै न्यानो कपडाको जोहो गरौं,
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं,
- घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं,
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओड्ने प्रयोग गर्ने र घर भित्र राति सुत्दा शरीरका साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं,
- शीतलहर चलेको समयमा शीत नपर्ने सुरक्षित ठाउँमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाऔं,
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खाने कुरा र पर्याप्त मात्रामा तातो र झोलिलो खाने कुराहरु खाने,






- बालबालिका, वृद्ध–वृद्धा, गर्भवती महिला तथा विरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने,
- शीत लहर चलेको बेलामा पाल्तु पशुपंक्षीहरुलाई सकेसम्म खुला स्थानमा चराउन नलैजाने, घर टहरामै राखेर पर्याप्त घाँस पराल र दाना दिने,
- चिसोका कारण विरामी भएमा तत्कालै नजिकको स्वास्थ्य संस्थामा तुरुन्त उपचारको लागि जाने,
- चिसोका कारण पशुपंक्षी विरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी उपचार गर्ने,
- कोठा भित्र आगो, मकल, हिटर लगाएतबाट तातो पार्दा पर्याप्त भेन्टिलेशन (हावा आवगतजावत) को व्यवस्था मिलाउने,
- शीत लहरबाट हुन सक्ने कृषिबाली र पशुपंक्षीको क्षतीलाई न्यून गर्न सेड, छाप्रो, छानो, प्लाष्टिक लगाएतका संरचनाद्वारा सुरक्षित गर्ने।

**औरही नगरपालिका, महोत्तरी**
**मधेश प्रदेश, नेपाल**



**अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नसिङ कलेज भएको महोत्तीको एकमात्र अस्पताल**

- २४ सं घण्टा इमर्जेन्सी सेवा
- ICU,NICU,PICU सेवा
- EndosocopyDiode Laser सेवा
- विभिन्न विभागको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- Laproscopy सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- 247 Ambulance सेवा




SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

**शुभ स्वस्तिक हस्पिटल प्रा.लि.**
मेनोरोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,९८१२०१८०१०


बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, अध्यक्ष निर्देशकः ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014